# आकाशवाणी समाचार- नेपाली
**मितिः ०१ अप्रेल २०२६**

**समयः ०७:२५ – ०७:३५ बजे** (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमंत्री नरेंद्र मोदीले भन्नुभएको छ - पश्चिम एशिया संघर्षबीच पनि भारतमा स्थिति नियंत्रण रहेको छ।
- विश्वको सबैभन्दा अधिक जनसंख्या प्रक्रिया, जनगणना-2027 को पहिलो चरण आजबाट शुरू हुनेछ।
- लोकसभामा आज **विदेशी अंशदान विनियमन संशोधन विधेयक, 2026** माथि चर्चा हुनेछ।
- महाराष्ट्रको गढ़चिरौलीमा 30 लाख रुपियाँको सामूहिक पुरस्कार घोषित 9 जना माओवादिहरूले पुलिस समक्ष समर्पण गरेका छन्। रूसको एक **एएन-26 सैन्य परिवहन विमान** क्रीमियामा एक चट्टानसित् टकराएर दुर्घटनाग्रस्त भएको छ ,
- IPL मा पञ्जाब किंग्सले प्रतियोगिताको चौथो खेलमा गुजरात टाइटन्सलाई तीन विकेटले पराजित गरेको छ|

**प्रधानमंत्री पश्चिम एशिया**

प्रधानमंत्री नरेंद्र मोदीले भन्नुभएको छ - पश्चिम एशिया संघर्षबीच पनि भारतमा स्थिति नियंत्रण रहेको छ। श्री मोदीले गुजरातको वाव-थराद जिल्लाको नानीमा हिजो 19 हजार आठ सौ करोड़ रुपियाँ भन्दा अधिकको विकास परियोजनाहरूको लोकार्पण अनि शिलान्यासको अवसरमा उहाँले भन्नुभयो- केंद्र सरकारले पश्चिम एशिया संघर्षको प्रभाव देशका नागरिकहरूमाथि पर्न दिएको छैन ।

**जनगणना 2027**

विश्वको सबैभन्दा अधिक जनसंख्या प्रक्रिया, जनगणना-2027 को पहिलो चरण आजबाट शुरू हुनेछ। जनगणना दुई चरणहरूमा आयोजित गरिनेछ। पहिलो चरणमा भवन सूचीकरण र दोस्रो चरणमा जनसंख्या गणना हुनेछ। यसको लागि 1 मार्च, 2027 संदर्भ तिथि निर्धारित गरिएको छ। पहिलोचोटी, जनगणना डिजिटल माध्यमबाट हुनेछ, जसमा स्व-गणनाको विकल्प पनि उपलब्ध रहनेछ। यो स्व-गणना आजदेखि महिनाको 15 तारीकसम्म चल्नेछ। भवन सूचीकरण र आवास जनगणना 16 अप्रैलदेखि शुरू भएर 15 मईसम्म जारी रहनेछ।

भवन सूचीकरणमा सबै भवनमा र संरचनाहरूको सूची तैयार गरिनेछ तथा आवासीय स्थिति, उपलब्ध सुविधाहरू र परिसंपत्तिहरूसित संबंधित जानकारी जुटाईनेछ। भवनहरूको **जियो-टैगिंग** पनि गरिनेछ र प्रत्येक संरचनालाई एक विशिष्ट पहिचान संख्या दिइनेछ। देशभरीमा यस कार्यको लागि तीस लाख भन्दा अधिक गणनाकर्मी, पर्यवेक्षक र अन्य अधिकारी तैनाथ गरिएको छ। साथै, नागरिकले सोह्र भाषाहरूमा आफ्नो जानकारी अनलाइन दर्ता गराउन सक्नेछन्|दोस्रो चरण आगामी वर्ष फरवरीमा आयोजित गरिनेछ। यसमा आयु, लिंग, व्यवसाय, साक्षरता र जाति सम्बन्धि विवरण एकत्र गरिनेछ। केंद्र सरकारले जनगणना-2027 को लागि **11 हजार 7 सय अठारह करोड़** रुपियाँ भन्दा अधिक राशि स्वीकृत गरेको छ। हिमपात हुने क्षेत्रहरू जस्तै लद्दाख, जम्मू-कश्मीर, हिमाचल प्रदेश र उत्तराखंडको लागि संदर्भ तिथि 1 अक्टूबर, 2026 निर्धारित गरिएको छ।

**पीयूष गोयल प्रेस कन्फ्रेंस**

वरिष्ठ भाजपा नेता तथा केंद्रीय मंत्री पीयूष गोयलले आरोपपत्र नामक दस्तावेज जारी गर्नुभएको छ, जसमा चेन्नई स्थित डीएमके सरकारसित सम्बन्धित आरोप समावेश रहेको छ। उहाँले मीडियालाई बताउनुभयो -यस पालिको चुनाव राज्यको इतिहासमा एक महत्वपूर्ण मोड़ साबित हुनेछ। कानून-व्यवस्थाको समस्याहरू, अपराधहरू अनि चुनावी बाचाहरू कार्यान्वयन नहुने जस्ता विभिन्न मुद्दाहरू बताउनुहुँदै उहाँले भन्नुभयो- डीएमके पदाधिकारी महिलाहरू, बालबालीकाहरू, युवाहरू, किसानहरू र दलितहरू विरूद्ध कैयौं मामलामा संलिप्त छन्। डीएमके सरकारमाथि अनियमितताहरू आरोप लगाउनुहुँदै उहाँले

भन्नुभयो- पार्टी वंशवादी शासनमा रुचि राख्दछ,।

**संसद-आज**

लोकसभामा आज **विदेशी अंशदान विनियमन संशोधन विधेयक, 2026** माथि चर्चा हुनेछ। यो विधेयकले विदेशी अंशदान विनियमन अधिनियम, 2010 मा संशोधन गर्नेछ। लोकसभामा आज जन विश्वास प्रावधान संशोधन विधेयक, 2026 माथि पनि चर्चा हुने छ। यो विधेयक अधिनियमहरूमा संशोधन गरेर केही अपराधहरूलाई अपराधको श्रेणीबाट बाहिर गर्नु र तिनलाई तर्कसंगत बनाउने काम गर्नेछ जसले गर्दा जीवन अनि व्यापारमा सुगमता ल्याउने विश्वासमा आधारित शासन अझ मजबूत गर्न सकियोस। राज्यसभामा **केंद्रीय सशस्त्र पुलिस बल सामान्य प्रशासन विधेयक, 2026** अनि **दिवाला र शोधन अक्षमता संहिता (संशोधन) विधेयक 2026** माथि पनि चर्चा हुने छ।

**महाराष्ट्र नक्सली आत्मसमर्पण**

महाराष्ट्रको गढ़चिरौलीमा 30 लाख रुपियाँको सामूहिक पुरस्कार घोषित 9 जना माओवादिहरूले पुलिस समक्ष समर्पण गरेका छन्।गढ़चिरोली पुलिस अधीक्षक श्री नीलोत्पलले बताउनुभयो -गढ़चिरोली जिल्लामा अब केवल 6 जना सशस्त्र वर्दीधारी नक्सली कैडर मात्र सक्रिय रहेका छन्। आत्मसमर्पण गर्नेहरू सबै 9 नक्सली छत्तीसगढ़को इंद्रावती क्षेत्रीय समिति र राष्ट्रीय उद्यान क्षेत्रीय समितिमा कार्यरत थिए। गढ़चिरोली पुलिसले संविधानको प्रतिहरू वितरित गर्दै उनीहरूलाई मुख्यधारामा स्वागत गरेको छ।

**साधना सप्ताह**

साधना सप्ताह २०२६ , २अप्रिल देखि ८ सम्म नयाँ दिल्लीमा आयोजना हुनेछ। कार्मिक, सार्वजनिक गुनासो तथा पेन्सन मन्त्रालयअन्तर्गतको क्षमता निर्माण आयोगले उक्त कार्यक्रम आयोजना गरेको हो । आयोगको स्थापना दिवस र मिशन कर्मयोगीको पाँच वर्ष पूरा भएको उपलक्ष्यमा एक हप्ता लामो कार्यक्रम आयोजना गर्न लागिएको हो। यस पहलमा १०० भन्दा बढी केन्द्रीय मन्त्रालय र विभागहरू, ३० भन्दा बढी राज्यहरू र केन्द्र शासित प्रदेशहरू र २५० भन्दा बढी सिविल सेवा प्रशिक्षण संस्थानहरू भाग लिनेछन्।

**भारत अनि अल्जीरियाबीच**

भारत अनि अल्जीरियाबीच विदेश कार्यालय परामर्शको 7औं चरण 29 मार्चमा अल्जीयर्समा आयोजित गरिएको थियो। बैठकको सह-अध्यक्षता विदेश मंत्रालयकी सचिव डॉ. नीना मल्होत्रा अनि अल्जीरियाको विदेश मंत्रालयका महासचिव लूनस मगरामेनले गर्नुभएको थियो।दुवै पक्षले हालको सहयोगलाई संतोष व्यक्त गरे र उच्च स्तरीय निरंतर सहयोगको महत्वमाथि जोड दिइ। दुवै देशले संसदीय सहयोगलाई मजबूत गर्ने सहमति जताए र अल्जीरियाले भारतीय संसदमा भारत-अल्जीरिया संसदीय मैत्री समूहको गठनको स्वागत गर्यो। आतंकवादको सबै रूपमा निंदा गर्दै ,दुवै पक्षले यस खतरा विरूद्ध संयुक्त रूपमा लड़ने आफ्नो प्रतिबद्धता पुष्टि गरे। भारतले पहलगाम आतंकवादी हमलापछि अल्जीरियाको भ्रमण गर्ने सबै सर्वदलीय संसदीय प्रतिनिधिमंडललाई स्वागत गरेकोमा सराहना गरेको छ। विदेश मंत्रालयले भनेको छ परामर्शमा द्विपक्षीय व्यापारमा लगातार वृद्धि देखिएको छ, जसको वर्तमान मूल्य लगभग एक दशमलव सात अर्ब डलर छ, र फार्मास्यूटिकल्स, उच्च शिक्षा, ऊर्जा, खनन, उर्वरक अनि कृषि जस्ता क्षेत्रहरूमा विस्तारको संभावनाहरूमाथि पनि प्रकाश पारिएको थियो।दुवै पक्षले क्षेत्रीय अनि वैश्विक मुद्दाहरूमा पनि विचारहरू आदान-प्रदान गरे भने संयुक्त राष्ट्र तथा अन्य बहुपक्षीय मंचहरूमा घनिष्ठ समन्वयप्रति आफ्नो प्रतिबद्धता दोहोराए।

**रूस - विमान दुर्घटना**

रूसको एक **एएन-26 सैन्य परिवहन विमान** क्रीमियामा एक चट्टानसित् टकराएर दुर्घटनाग्रस्त भएको छ , जसमा विमानमा सवार सबै 29 मानिसहरुको मृत्यु भएको छ।रक्षा मंत्रालय अनुसार, दुर्घटनामा 23 यात्री र छ चालक

दल सदस्य मारिएका छन् । प्रारंभिक आकलन अनुसार, दुर्घटनाको  कारण तकनीकी खराबी बताइएको  छ ।

## अंतर्राष्ट्रीय बुकर पुरस्कार 2026

भारतीय मूलकी कनाडाई-अमरीकी लेखिका एवं अनुवादक **पद्मा विश्वनाथन**लाई अंतर्राष्ट्रीय बुकर पुरस्कारको लागि नामांकित गरिएको छ । उहाँलाई ब्राज़ीलियाई लेखिका एना पाउला मैयाको उपन्यास **'ऑन अर्थ एज़ इट इज़ बिनीथ'** को  अंग्रेज़ी अनुवादको लागि अंतर्राष्ट्रीय बुकर पुरस्कारद्वारा सम्मानित गरिने भएको छ।

## ट्रम्प-हर्मुज स्ट्रेट

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग जारी तनावबीच पनि हर्मुज स्ट्रेटबाट अमेरिकी सैन्य बल फिर्ता नगर्ने बताउनुभएको छ। मिडियासँग कुरा गर्दै ट्रम्पले अन्तर्राष्ट्रिय सहयोगीहरूसँग निराशा व्यक्त गर्दै भन्नुभयो-उनीहरूले यो महत्त्वपूर्ण समुद्री मार्गको सुरक्षाको लागि थप जिम्मेवारी लिनुपर्छ। ट्रम्पले इरानसँग चलिरहेको अमेरिका-इजरायल द्वन्द्वमा बेलायत जस्ता देशहरूबाट सैन्य सहयोगको अभावलाई पनि उल्लेख गर्नुभयो। जहाज र क्षेत्रीय पूर्वाधारमा इरानी आक्रमण जारी राखे पनि, ट्रम्पले हर्मुज स्ट्रेटमा कुनै वास्तविक खतरा नभएको बताउनुभयो।

## अमरीकी बाज़ार

अमरीकी शेयर बाज़ारहरुमा आज तेज़ गिरावट देखिएको छ । डॉव जोन्स इंडस्ट्रियल एवरेज 1,125 अंक चडेको छ । वॉल स्ट्रीटमा ईरानको साथ संघर्षको संभावित अंतलाई लिएर संदेहको स्थानमा आशाको संचार भएको छ । एसएंडपी 500 मा 2.9 प्रतिशतको  उछाल आएको छ । यो  मईपछिको सबैभन्दा ठूलो  बढ़त हो । डॉव जोन्स इंडस्ट्रियल एवरेजमा अडई प्रतिशतको  तेज़ी आएको छ , जबकि नैस्डैक कंपोजिटमा  3.8 प्रतिशतको  उछाल दर्ता गरिएको छ ।

## आईपीएल

आईपीएलका नवोदित खेलाडी कूपर कोनोलीको अविजित ७२ रनको इनिङ्सले पञ्जाब किंग्सलाई प्रतियोगिताको चौथो खेलमा गुजरात टाइटन्सलाई तीन विकेटले पराजित गर्न मद्दत गऱ्यो। यो खेल हिजो नयाँ चण्डीगढको महाराजा यादविन्द्र सिंह अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियममा खेलिएको थियो। गुजरात टाइटन्सले निर्धारित २० ओभरमा १६२ रन बनाएको थियो। कूपरलाई म्यान अफ द म्याच घोषित गरिएको थियो।आईपीएल क्रिकेटमा आज लखनऊ सुपर जायन्ट्सले दिल्ली क्यापिटल्सको सामना गर्नेछ। म्याच लखनऊमा साँझ ७:३० बजेदेखि खेलिनेछ।